# स्थानीय राजपत्र

## इन्द्रसरोवर गाउँपालिका द्धारा प्रकाशित

खण्ड ४ संख्या ४ मिति २०७७/११/ ०५


# पशु विमा अनुदान कार्यक्रम कार्यविधि २०७७

कार्यपालिकका बाट स्वीकृत मितिः २०७७/१०/२७ गते

## परिच्छेद १

**१.संक्षिप्त नाम र प्रारम्भ :**

क) संक्षिप्त नाम यस कार्यविधिको नाम "पशु विमा अनुदान कार्यक्रम कार्यविधि" २०७७ रहनेछ ।

ख) यो कार्यविधि गाउँकार्यपालिका वाट स्विकृत भएको मितिवाट लागु हुनेछ ।

**२. परिभाषा :**

क) पशु विमा अनुदान कार्यविधि, २०७७ भन्नाले इन्द्रसरोवर गाउँपालिका भित्रका पशुपालक किसानहरुले आफ्नो पशु विमा गराए वापत तिरेको शत प्रतिशत रकमलाई जनाउँनेछ ।

ख) कार्यपालिका भन्नाले इन्द्रसरोवर गाउँपालिकाको कार्यलयलाई जनाउँनेछ ।

ग) पशु विमा भन्नाले सरकारी मान्यता प्राप्त बिमा कम्पनी वा सहकारी संस्था मार्फत गरिने पशुधन सुरक्षा (लघु बिमा) कार्यक्रम मार्फत गरिने बिमा समेतलाई जनाउँनेछ ।

## परिच्छेद २

### ३. शर्त तथा भुक्तानी विधि :

**१. अनुदानमा पशु विमा सेवा संचालन तथा व्यवस्थापन कार्यक्रम अन्तर्गत कार्यक्रम सञ्चालन तथा भुक्तानी विधिः**

क) कुनै पनि कृषकको पशु (गाई, गोरु, भैंसी, राँगा, बाख्रा, बोका र वीर, भुनि बंगुर) मा विमा सेवा गराएको पशुको पहिचान खुल्ने पशु पहिचान पट्टा ( Tag Number), सेवा प्राप्त कृषकको सम्पर्क नं., सेवा उपलब्ध गराएको मिति तथा आवश्यक विवरणहरु पूर्ण रुपमा उल्लेख गरी अनुसूची - १ बमोजिम पेश गर्नु पर्नेछ ।

ख) पशुपालक व्यवसाय इन्द्रसरोवर गाउँपालिका क्षेत्रभित्र गरेको हुनु पर्नेछ ।

ग) पूर्व विमा गरिएका पशु भएमा यो सेवा लिन पुनः नवीकरण गरेको हुनु पर्दछ ।

घ) सम्बन्धित सेवा केन्द्र/पशु सेवा शाखा तथा वडा कार्यालको सिफारिसमा अनुदान वापतको रकम बिमा कम्पनी वा सहकारी संस्थालाई भुक्तानी दिईनेछ ।

ङ) विमा गर्दा लाग्ने विमाङ्क प्रिमियम रकमको अनुदान रकम सरकारी मान्यता प्राप्त बिमा कम्पनी, सहकारी संस्था वा सूचीकृत बिमा अभिकर्तालाई उपलब्ध गराईने छ ।

च) मान्यता प्राप्त विमा कम्पनिबाट विमा अभिकर्ता तालिम लिई यस कार्यालयमा विमा अभिकर्ता सुचिकृत भएको हुनु पर्नेछ । बिमा अभिकर्ताले उक्त कार्यमा सहजीकरण गर्न सक्नेछन् । तर बिमा अभिकर्तालाई कुनै किसिमको आर्थिक सुविधा उपलब्ध गराइने छैन ।

छ) विमित पशुको कुनै कारणवस मृत्यु भएमा सो को जानकारी सम्बन्धित सेवा केन्द्र /पशु विकास शाखामा विमा अभिकर्ताले अनिवार्य रुपमा जानकारी गराउनु पर्नेछ ।

ज) विमा अनुदान सेवा उपलब्ध गराए बापतको रकम यस कार्यालयबाट उपलब्ध गराईनेछ ।

झ) विमा अभिकर्ताले सेवा उपलब्ध गराए बापतको रकम भुक्तानी लिंदा एउटै पशुमा एक पटक भन्दा बढी सेवा पुऱ्याए बापतको भुक्तानी गाउँपालिकाबाट गरिने छैन । तर झुक्याई भुक्तानी लिएमा, नक्कली

कागजात बनाई भुक्तानीका लागि पेश गरेमा सम्बन्धित् पशु विमा अभिकर्ता, कम्पनी तथा सहकारी संस्था स्वयं जवाफदेही हुनेछ र निज अभिकर्ता भएमा निजले पुनः कुनै पशुको विमा गरेमा भुक्तानी कार्यालयबाट उपलब्ध गराईने छैन साथै निजको सूचीकरण रद्ध गरी निजले पाउने भुक्तानी रोक्का राखी गाउँपालिकाको निर्णयानुसार आवश्यक कारबाही गरिनेछ ।

ञ) विमा अनुदानको विमाङ्क प्रिमियम रकम लिंदा सहकारी संस्था तथा कम्पनीले विमा गरेको १५ दिन भित्रमा यस कार्यालयमा आवश्यक कागजागत सहित जानकारी गराउनु पर्नेछ ।

ट) विमा रकम दाबी गर्न आउदा विमित पशुको संकेत पट्टा (Tag Number), स्पष्ट देखिने फोटो सहित आउनु पर्नेछ ।

ठ) विमा अभिकर्ताले विमित पशुको प्रत्येक वर्ष म्याद समाप्त हुनु अघि नविकरण गर्नुपर्नेछ ।

## परिच्छेद ३

### ४ .कार्यक्रमको खर्च :

क) इन्द्रसरोवर गाउँपालिका भित्रका गाई/ भैंसी/ बाख्रा/वंगुरमा अनुदानमा विमा सेवा संचालन कार्यको लागि आवश्यक वजेट व्यवस्था इन्द्रसरोवर गाउँपालिकाले गर्नेछ ।

ख) कार्यक्रमको इन्द्रसरोवर गाउँपालिकाको अधिकार प्राप्त अधिकारीबाट अनुगमन हुनेछ ।

**५. थपघट वा हेरफेर गर्न सक्ने :**

क) यो निर्देशिका कार्यान्वनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँकार्यपालिकाले आवश्यकता अनुसार यस निर्देशिकामा केही थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

ख) यो निर्देशिका कार्यान्वनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि गाउ कार्यपालिकाको कार्यालयले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

## अनुसुचि १

इन्द्रसरोवर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय कुलेखानी, मकवानपुर

विमा प्राबिधिक/अभिकर्ता /सहकारी संस्था वा कम्पनीको नामः–

| क्र. स | पशु धनीको नाम थर | मिति | ठेगाना | फोन नं/ मोवाईल नं | पशुको जात | विमा संकेत नं. | पशुको रंग | कृषकको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

.................. ...................... ..................

पेश गर्ने प्रमाणित गर्ने रुजु गर्ने

**<u>अनुसुची २</u>**

**इन्द्रसरोवर गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, कुलेखानी, मकवानपुर**

**विमा अभिकर्ताको निवेदन** मितिः

**श्रीमान् प्रमुख प्रशासकीय अधकिृत ज्यू,**
**इन्द्रसरोवर, गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**कुलेखानी, मकवानपुर ।**

**विषय : विमा अभिकर्ता सुचिकृत हुन पाउँ ।**

महोदय,

मलाई इन्द्रसरोवर गाउँपालिकाबाट पशु विमा अनुदान कार्यक्रम सेवा संचालन सम्बन्धी अभिकर्ताको रुपमा कार्य गर्न ईच्छा भएकाले तपशिल अनुसारको कागजात राखि यो निवेदन पेश गर्दछु ।

**तपशिलः**

१. मान्यता प्राप्त विमा कम्पनिबाट विमा अभिकर्ता तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि ।
२. एस.एल.सी/एस.ई.ई. तथा जे.टी./जे.टी.ए. प्रमाणपत्रको प्रतिलिपि ।
३. नेपाली नागरीकता प्रमाणपत्रको प्रतिलिपि ।

**निवेदकको**
नामः
ठेगानाः
दस्तखतः
मोवाईल नंः

**आज्ञाले**
**किरण निधि तिवारी**
**प्रमुख प्रशासकीय अधिकृत**

इन्द्रसरोवर गाउँपालिका मकवानपुरको पशु विमा अनुदान कार्यक्रम कार्यविधि
२०७७